नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

☎ ६६३७८७२/६६३७८७३
Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०७२।७३
चलानी नं. : ३५८

मिति : २०७२।०५।२०

**विषय : रिक्त पद संख्या उपलब्ध गराउने बारे ।**

श्री जिल्ला शिक्षा कार्यालय
७५वटै ।

प्रस्तुत विषयमा  यस आयोगको मिति २०७२।०५।२० गतेको बैठकबाट शिक्षक सेवा आयोग नियमावली २०५७(संशोधन सहित) को परिच्छेद ४बमोजिम कार्य सम्पादन मूल्यांकन र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षकहरुको बढुवा गर्ने प्रयोजनका लागि निम्नबमोजिमको ढाँचामा सबै जिल्ला शिक्षा कार्यालयहरुबाट २०७२ असार मसान्तसम्म रिक्त भएका (सोही नियमावलीको नियम ३९(क)बमोजिम बढुवा भएका शिक्षकहरु बाहेक)* पद सम्बन्धी विवरण माग गर्ने निर्णय भएकाले देहायको विवरण पछिसम्म फरक नपर्ने गरी २०७२ असोज १५ गतेभित्र छिटो साधनमार्फत यस आयोगमा आइपुग्ने गरी पठाउनुहुन  अनुरोध छ ।समयमा माग फारम नपठाई विज्ञापन हुन नसकेमा सो को जिम्मेवार सम्बन्धित जिल्ला नै हुने व्यहोरा समेत अनुरोध छ ।

तपसील

| क्र.सं. | तह | कुल दरवन्दी | शिक्षा नियमावलीको नियम ८९ बमोजिम कायम हुने दरवन्दी | | | हाल कार्यरत संख्या | | पदपूर्ति गर्नुपर्ने संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
| १ | प्राथमिक | | | | | | | | |
| २ | निम्नमाध्यमिक | | | | | | | | |
| ३ | माध्यमिक | | | | | | | | |
| | जम्मा | | | | | | | | |

पुनश्च: आ.व.०७१।०७२मा वा गतसाल माग भैसकेको तर नतिजा प्रकाशन नभईसकेको विज्ञापनको पद संख्या हाल कार्यरत संख्यामा नै समावेश गरी थप रिक्त भएमा मात्र पदपुर्ति गर्नुपर्ने संख्यामा गणना गरि पठाउनुहुन ।
*विषेश बढुवा भएका कुनैपनि शिक्षक पदमुक्त भई रिक्त पद हुन गएमा सो पदलाई बढुवा प्रयोजनमा निज बढुवा हुनु अगाडि कै पदमा मात्र गणना गर्नुहुन ।

०७२।५।२०
उप-सचिव

बोधार्थ
श्री शिक्षा विभाग
सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
५वटै विकास क्षेत्र ।  :– आफ्नो क्षेत्रभित्रका सबै जिल्लाहरुलाई समयमै जानकारी गराई सहयोग गरिदिनुहुन ।